नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः २०७३/०७४/४.१
शाखाः कोष प्रशासन
चलानी नं. २६२

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

मिति :-२०७३/१२/१५

बिषय : स्थानीय तह खाता संचालन सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

प्रस्तुत बिषयमा स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरिएको आदेश, २०७३ कार्यान्वयन सहजताको लागि ७४४ वटै स्थानीय तहमा संञ्चित कोष खाता ,विशेष कोष खाता तथा खर्च खाताका बारेमा यस कार्यालयको च. नं. २४८ मिति २०७३।१२।१ र च. नं. २५६ मिति २०७३।१२।११ का पत्रहरु प्राप्त गर्नु भएकै छ। सो सम्बन्धमा मिति २०७३।१२।१३ का दिन नेपाल राष्ट्र बैङ्क लगायत सरकारी कारोवार संचालन गर्ने अन्य बैङ्कका प्रतिनिधिहरु र सङघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय ,आर्थिक प्रशासन शाखा प्रमुख समेतको उपस्थितिमा भएको छलफल समेतको आधार एबं स्थानीय बिकास मन्त्रालयको च. नं २४१ मिति २०७३।१२।१३ बाट अनुरोध भै आएको ब्यहोरा पेश हुदा निम्नानुसार गर्ने गरी निर्णय भएको हुदा सो अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

१. नेपालको संबिधान २०७२ को भाग १९ धारा २२९ ले स्थानीय तहको एक संचित कोष रहने ब्यबस्था गरेकोले गाँऊपालिका तथा नगरपालिका/उपमहानगरपालिका /महानगरपलिकाहरुका लागि साबिकको स्थानीय निकाय कोष खाता अन्तर्गतको ग. ४.१ खातालाइ स्थानीय तहको मूल संचितकोष खाताको रुपमा संचालन गर्न सम्बन्धित स्थानीय तहबाट अनुरोध भै अए पछि सरकारी कारोवार गर्ने बैङ्कलाइ सिफारिस गरिदिने र साबिक ग. ४.१ देखि ग. ४.६ सम्मका खातामा मौज्दात रहेको सबै रकम नयाँ ग. ४.१ खातामा सार्ने ब्यबस्था गर्न लगाउने।

२. गाँऊपालिका तथा नगरपालिका/ उपमहानगरपालिका/महानगरपलिकाहरुका लागि साबिकको ग २ स्थानीय निकाय खर्च खाता ग ३ स्थानीय निकाय धरौटी खाता तथा ग ५ स्थानीय निकाय बिशेष कोष खाताहरु कै ढाँचामा ग २ ग ३ र ग ५ खाताहरु खोल्न माग भै आएमा उपरोक्तानुसार खाता खोल्न सरकारी कारोवार गर्ने बैङ्कलाई सिफारिस गरिदिने।

३. जिल्ला समन्वय समितिको हकमा यस कार्यालयको च. नं. २४८ मिति २०७३।१२।१ र च. नं.२५६ मिति २०७३।१२।११ का पत्रहरुमा उल्लेख भए बमोजिम नै गर्ने।

भीष्म प्रसाद न्यौपाने
उपमहालेखा नियन्त्रक

**बोधार्थ तथा कार्यार्थ**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
श्री नेपाल राष्ट्र बैङ्कः सरकारी कारोबार गर्ने मातहतका र अन्य वाणिज्य बैंकहरुलाई उपरोक्तानुसारको निर्देशन हुन।



अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np